# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १०) केराबारी, जेठ १८ गते, २०८३ साल (संख्या ०४


### भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र (कृषि बजार) सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति :- २०८३/०२/१२

प्रमाणीकरण मिति : २०८३/०२/१८

<u>प्रस्तावना</u> : नेपालको संविधानले खाद्यसम्बन्धी मौलिक हक, रोजगारीको हक तथा सम्मानजनक जीवनयापनको हकलाई प्रत्याभूत गरेको छ भने संघीय शासन प्रणालीअनुसार कृषि विकास, कृषि बजार व्यवस्थापन तथा स्थानीय आर्थिक विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान

गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ "ण" बमोजिम कृषि विकास, कृषि उत्पादन सामग्रीको व्यवस्थापन, कृषि बजार प्रवर्द्धन तथा किसानको हित संरक्षण स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषय हुन् ।

कृषि क्षेत्र स्थानीय अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको भए तापनि हालको अवस्थामा मल, बिउ, बिजन, बिरुवा, कृषि औजार तथा उपकरणजस्ता अत्यावश्यक कृषि उत्पादन सामग्रीहरूको समयमै, गुणस्तरीय र सुपथ मूल्यमा आपूर्ती सुनिश्चित गर्न कठिनाइ देखिएको छ । त्यसैगरी, कृषकहरूले परिश्रमपूर्वक उत्पादन गरेका कृषि उपजहरूको व्यवस्थित सङ्कलन, भण्डारण, प्रशोधन तथा बजारीकरणको अभाव, बजारसम्मको पहुँचमा असमानता, मूल्य अस्थिरता तथा बिचौलियामुखी बजार प्रणालीका कारण कृषकहरू अपेक्षित प्रतिफल प्राप्त गर्न असमर्थ रहँदै आएका छन्। यसका अतिरिक्त, कृषकहरूलाई आवश्यक कृषि सूचना, प्राविधिक सेवा, आधुनिक प्रविधि, वित्तीय पहुँच तथा सरकारी सेवासुविधाहरू प्रभावकारी र समन्वयात्मक रूपमा प्रवाह गर्न संस्थागत संरचना सुदृढ नहुनु, कृषि क्षेत्रको व्यावसायीकरणमा प्रमुख चुनौतीका रूपमा देखिएको छ। कृषि उत्पादन, आपूर्ती र बजार व्यवस्थापनलाई एकीकृत प्रणालीमार्फत सञ्चालन नगरेसम्म दिगो कृषि विकास तथा ग्रामिण अर्थतन्त्रको सुदृढीकरण सम्भव नहुने स्पष्ट देखिन्छ।

यस सन्दर्भमा कृषि उत्पादन सामग्रीको आपूर्ती व्यवस्थापन, कृषि उपजको सङ्कलन, वर्गीकरण, भण्डारण, प्रशोधन तथा बजारीकरणलाई

व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउने, कृषि सूचना प्रणालीको सुदृढीकरण गर्ने, सार्वजनिक–निजी–सहकारी साझेदारीको अवधारणाअनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा कृषकको उत्पादन र बजारबीचको दूरि घटाई कृषि क्षेत्रको व्यावसायीकरण, रोजगारी सिर्जना र आयआर्जनमा अभिवृद्धि गर्ने उद्देश्य अत्यावश्यक रहेको छ।

तसर्थ, केरावारी गाउँपालिकाको कृषि ऐन, २०७७ को परिच्छेद ५ को दफा ७ ले व्यवस्था गरेबमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानूनको अधीनमा रही, स्थानीय तहको अधिकार क्षेत्रभित्र निर्माण सम्पन्न भएको कृषि बजार भवनमा कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र स्थापना एवं सञ्चालन गरी कृषि सेवा, सुविधा र बजार व्यवस्थापनलाई एकीकृत रूपमा सञ्चालन गर्न कानुनी तथा नीतिगत आधार तयार गर्ने उद्देश्यले यो “कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन कार्यविधि, २०८३” तर्जुमा गरी लागू गरिएको हो।

## परिच्छेद — १

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र(कृषि बजार) सञ्चालन कार्यविधि-२०८३ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कृषि" भन्नाले अन्नवाली, दलहन, फलफुल, तरकारी, मसला, नगदेबाली, चिया तथा कफि खेती, मौरी पालन,च्याउ खेती ,, रेशम खेती, निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण साथै पशु, पन्छी ,मत्स्य संग सम्बन्धीत उत्पादन लाई सम्झनु पर्छ ।

(ख) "कार्यालय "भन्नाले केरावारी गाउँपालीका ,गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले यस मातहत रहेका वडा समितिको कार्यालय समेतलाई जनाउछ ।

(ग) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाउँपालिकाको कृषि ऐन २०७७ अनुसार परिभाषित व्यक्ति सम्झनु पर्दछ ।

(घ) "कृषि विकास शाखा" भन्नाले केरावारी गाउँपालिका अन्तरगत रहेको कृषि विकास शाखा सम्झनु पर्दछ ।

(ङ) "कृषि समिति" भन्नाले केरावारी गाउँपालिकाको कृषि ऐन २०७७ बमोजिम कार्यपालिकाबाट गठित गाउँपालिका स्तरीय कृषि समिति सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले केरावारी गाउँपालिकाको कृषि ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(छ) "सहकारी" भन्नाले केराबारी गाउँपालिका तथा डिभिजन सहकारीमा विधिगत दर्ता भएका कृषि/बहुउद्देश्यीय/बचत तथा ऋण सहकारीलाई तथा अन्य बिषयगत सहकारीलाई बुझाउँदछ ।

(ज) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराईने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

(झ) "कृषि सामाग्री आपूर्ती " भन्नाले कृषि उत्पादनका लागि चाहिने मल, बीउ बिजन, कृषि रसायन, बिषादि, हर्मोन साथै अन्य कृषि औजार उपकरण तथा कृषि उत्पादन, प्रसोधन, भण्डारण,

प्याकेजिङ, बजारीकरण संग सम्बन्धीत सामाग्रीहरुको आपूर्तीलाई सम्झनु पर्दछ ।

(ञ) "कृषि उपज सङ्कलन" भन्नाले कृषकहरु बाट उत्पादन भएका कृषि उपजहरु तथा पशु जन्य उपजहरुको कृषकहरुलाई दायित्व भुक्तानी हुने गरी सङ्कलन वा खरिद गरिने अप्रशोधित,अर्ध प्रशोधित वा प्रशोधित कृषि उपजहरुको सङ्कलनलाई सम्झनु पर्दछ ।

(ट) कृषि सामाग्री आपूर्ती केन्द्र तथा कृषि उपज सङ्कलन केन्द्र भन्नाले कृषि बजार लाई सम्झनु पर्दछ ।

(ठ) व्यवस्थापन समिति भन्नाले कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ड) "स्वीकृत बार्षिक वजेट" भन्नाले केरावारी गाउँपालिकाको चालु आ.व. बाट कृषि विकास कार्यक्रम सञ्चालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

(ढ) "समूह" भन्नाले केराबारी गाउँपालिकामा विधिवत दर्ता भएका कृषक समूहलाई बुझाउँछ ।

३ **<u>केन्द्र स्थापना गर्नुपर्ने उद्देश्य तथा गरिने कार्यहरु</u>** :- केराबारी गाउँपालिकाद्वारा केराबारी १० मङ्गलबारे हटियामा निर्माण भएको कृषि बजार भवनमा केराबारी गाउँपालिकाको कृषि ऐन, २०७७ को परिच्छेद ५ को दफा ७ बमोजिम कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र स्थापना गरिनेछ । यस केन्द्रलाई कृषि बजार समेत भनिनेछ भने पालिकाका विभिन्न वडामा समेत यसको सेवा विस्तार गरिनेछ ।

४ **<u>उद्देश्यहरु</u>** - कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रको कार्य तथा कार्यक्रममा संलग्न योग्य संस्थाको उदेश्य देहाय बमोजिम हुनेछन् ।

(क) कृषि उत्पादन सामाग्रीहरु सूफत मूल्यमा उपलब्ध गराउने साथै किसानहरुबाट उत्पादित कृषि उपजहरु सङ्कलन गरी बजारिकरण गर्ने ।

(ख) ग्रामिण कृषि सूचना प्रणालीको विकास गरी कृषि क्षेत्रका विकसित प्रविधिहरु किसान समक्ष पुर्याउने ।

(ग) किसानहरुको क्षमता विकास तथा किसान हित सम्बन्धी विभिन्न किसिमका कार्यक्रमहरु गर्ने ।

(घ) कृषि उत्पादन बाहेक प्रशोधन मार्फत रोजगारीका अवसरहरु बृद्धि गर्ने ।

(ङ) कृषि कार्यमा वितिय श्रोतको अभाव हुन नदिने साथै किसान क्रेडित कार्ड लागु गर्न सहजिकरण गर्ने

(च) किसानहरुको पहिचान गरी किसानहरुको कल्याणका लागि विभिन्न किसिमका कार्यक्रमहरु गर्ने ।

(छ) केन्द्रहरु मार्फत कृषि विमाका कार्यक्रमलाई किसान समक्ष पुर्याउन सहजिकरण गर्ने ।

(ज) आधारभूत तथा तथ्य कृषि तथ्याङ्क गाउँपालिकालाई उपलब्ध गराउने ।

५ **कार्य तथा सेवाहरु** :- कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रले गर्नुपर्ने कार्य तथा किसानहरुलाई प्रदान गर्ने सेवाहरु देहाय बमोजिम हुनेछन ।

क) कृषकहरुलाई सहज रुपमा कृषि उत्पादन सामाग्रीहरु मल, बिउ, कृषि रसायन, औजार उपकरण साथै तिनिहरुका पाटपुर्जा तथा कृषि उत्पादनसँग सम्बन्धित सामाग्रीहरु र प्रशोधन तथा वितरणसँग सम्बन्धित सामाग्रीहरु आपूर्ती गर्न सहकारी सुफत मुल्यमा पसल सञ्चालन गर्नु पर्नेछ।

(ख)कृषि उपजहरुको बजार सुनिश्चितताको लागि स्थानीय स्तरमा किसानहरुबाट उत्पादन भएका कृषि उपजहरुको संकलन गरी

प्रशोधित, अर्धप्रशोधित वा सोझै अप्रशोधित वस्तुहरु ग्रेडिङ तथा प्याकेजिङ गरी स्थानीय, राष्ट्रिय साथै अन्तराष्ट्रिय बजारमा बजारीकरण गर्नुपर्नेछ ।

(ग) कृषकहरुलाई कृषि सामाग्री खरिदका लागि वितिय सहजीकरण गर्ने तथा किसान क्रेडित कार्ड लागु गर्न सहजीकरण गर्नु पर्नेछ ।

(घ) विभिन्न निकायहरुसँग समन्वय गरी किसानहरुको क्षमता अभिबृद्धि गर्ने तथा सीप विकास हुने विभिन्न सीपयुक्त, ज्ञानवर्द्धक कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(ङ) विमा सेवा प्रदायक कम्पन्नीहरुसँग समन्वय गरी किसानहरुलाई कृषि विमा गर्न अभिप्रेरित गर्ने ।

(च) कृषि बजार भित्र व्यवसाय गर्ने व्यवसायी कृषकसँग समन्वय गरी कृषि सम्बन्धी किसानहरुको माग, चासो, समस्या आपूर्ती प्रणाली तथा भए गरेका कृयाकलापहरुको नियमित रुपमा चौमासिक प्रतिवेदन गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

(छ) किसानहरुलाई बजार केन्द्रित उत्पादन गर्न अभिप्रेरित गर्ने, विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रम साथै उत्पादन र उत्पादकत्व बढाउने खालका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

# परिच्छेद -२

## केन्द्र सञ्चालनको ढाँचा तथा सेवा सञ्चालन प्रकृया

६ **केन्द्र सञ्चालनको ढाँचा** :- (१) कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र कृषि बजारले प्रदान गर्ने सेवाका आधारमा सहकारी, निजि, सरकारी तथा समूहगत साझेदारी ढाँचामा समन्वय तथा सहकार्यमा सञ्चालन गरिने छ ।

(२)कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रले दफा ४ बमोजिमका उद्देश्य हासिल गर्न तथा किसानरुलाई सेवा उपलब्ध गराउन देहाय बमोजिम ठोस काम गर्नुपर्ने छ ।

(३)कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र(कृषि बजार)

(क) कृषि उपजको थोक व्यापार –कृषकबाट ठूलो परिमाणमा तरकारी तथा फलफुल खरिद गर्ने र स्थानीय तथा बाह्य व्यापारीलाई खुद्रा बेच्ने ।

(ख) कृषि उपजहरुको खुद्रा व्यापार –उपभोक्ता वा साना ग्राहकलाई सानो मात्रामा खुद्रा उपज बेच्ने ।

(ग)कृषि सामग्री आपूर्ती व्यवसाय –बिउ, मल, किटनाशक, औजार आदि सदस्यलाई उचित मूल्यमा उपलब्ध गराउने।

(घ) बजार ढुवानी सेवा –खेतबाट बजारसम्म र बजारभित्र उपज ढुवानी गर्ने सेवा सञ्चालन गर्ने।

(ङ)प्रशोधन तथा प्याकेजिङ व्यवसाय – स्थानीय कृषक तथा ब्यापारीहरु संग सुखा तथा ताजा कृषि उपज सङ्कलन गरी प्रशोधन, अर्धप्रशोधन तथा ताजै प्याकेजिङ गरी सुरक्षित, आकर्षक साथै बिक्रीयोग्य बनाउने र होलसेल तथा खुद्रा रुपमा बिक्री वितरण गर्ने ।

(च) कृषि वित्त तथा विमा सेवा –बजारमा कारोबार गर्न कर्जा, बीमा वा लिज सुविधा प्रदान गर्ने, कृषक वा व्यापारीका उपज तथा ढुवानीमा जोखिम व्यवस्थापन सेवा ।

(छ) बजार सूचना, प्रशासन तथा सुरक्षा सेवा –मूल्य, माग, आपूर्ती, मौसमी पूर्वानुमान सम्बन्धी जानकारी दिने,बजार सञ्चालन, नियम कार्यान्वयन, सुरक्षाको व्यवस्था गर्ने, व्यवसाय योजना, उत्पादन सल्लाह, मार्केट लिंक गर्ने सल्लाहकार सेवा, तालिमहल साथै गेष्ट रुम सञ्चालन तथा व्यवस्थापन ।

(ज) दुग्ध उत्पादन बिक्री व्यवसाय - गाई/भैंसीपालनकर्ताबाट दूध संकलन गरी डेरी उत्पादन तथा बिक्री गर्ने पशु आहाराको बिक्री गर्ने।

(झ) कोशेली घर सञ्चालन – स्थानीय स्तरमा घरेलु तथा लघु उद्यम बाट उत्पादन भएका विभिन्न सामग्रीहरु धातु/काठ/ माटोका भाँडाकुँडा, ढाका कपडा, हस्तकलाका सामग्री उत्पादन तथा अन्य उत्पादनहरु बिक्री साथै कोशेली घर सञ्चालन

(ञ) फार्म–टु–टेबल क्याफे सञ्चालन - स्थानीय कृषकहरूले उत्पादन गरेका अन्न, तरकारी, फलफूल, दूध, मासु, अचार, मह आदि प्रयोग गरि स्थानीय मेनु तथा परिकारमा आधारित क्याफे सञ्चालन ।

(ट) स्थानीय पेय पदार्थहरु को बिक्री वितरण - जुसहरु ( उखु/फलफुल), दही/मोही/ लसी/शर्वत, नरिवल पानी, चना/जौ गहुको सातु, कागती पानी /अदुवा–मह पानी तथा अन्य), ताजा फलफुल

(ठ) कृषि औजार मर्मत केन्द्र — विभिन्न किसिमका कृषि औजारहरु मिनि टेलर, पावर टेलर लगाएतका कृषि सामग्री मर्मत गर्ने केन्द्र

(ड) अन्य कृषि संग सम्बन्धित साथै नव प्रवर्तनमा आधारित सेवा तथा व्यवसाय ।

(४) दफा ६ को उपदफा (३) बमोजिमको केन्द्र मार्फत व्यवसाय सञ्चालन गर्न सरकारी, निजि, सहकारी तथा समूह मार्फत निम्न बमोजिम कार्य बाडफाड गरी काम गर्नु पर्नेछ ।

(क) स्थानीय सहकारी

- थोक कृषि उपज बजार
- कृषि सामग्री आपूर्ती सुफत मुल्य पसल
- बितिय सेवा/ सुलियत कर्जा/ कृषि तथा पशुपन्छी विमा सेवा
- डेरी व्यवसाय
- कोशेली घर
- प्रशोधन तथा प्याकेजिङ
- बजार ढुवानी सेवा

(ख) निजी क्षेत्र

- खुद्रा कृषि उपज बजार
- क्याफे/क्यान्टिन
- प्रशोधन/प्याकेजिङ
- ढुवानी सेवा
- कृषि औजार मर्मत सेवा

(ग) सरकारी क्षेत्र

- डिजिटल प्लेटफर्म सञ्चालन
- बजार /मौसम सूचना
- अतिथी गृह / तालिम हल सञ्चालन
- बजार सुरक्षा / प्रशासन/ नियमन
- बजारको क्षमता अभिबृद्धी

- कृषक पहिचान

(घ) समूह

- विभिन्न सामग्रीको प्रशोधन सम्बन्धी काम

(ङ) किसान - बजारको माग बमोजिमका उत्पादन तथा पालिकाले तोके बमोजिमको स्थान बाट आवश्यक सामग्री खरिद तथा बिक्री

७ **केन्द्रमा व्यवसाय स्थापना तथा सञ्चालन गर्ने आधार साथै व्यवसायीको छनौटको मापदण्डः** केन्द्रमा व्यवसाय स्थापना तथा सञ्चालन गर्ने आधार साथै व्यवसायीको छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) सहकारी बाट व्यवसाय सञ्चालन गर्न सहकारी स्थापना भएको कम्तीमा २ बर्ष भई २ पटक लेखा परिक्षण गरी साधारण सभा भएको र संस्थागत व्यावसायिक कार्ययोजना भएको, जगेडा कोषमा पर्याप्त रकम भएको, बितिय रुपमा सक्षम, कम्तिमा १०० जना सदस्य भएको सहकारी संस्था हुनुपर्ने छ ।

(ख) निजी क्षेत्र बाट गरिने व्यवसायको लागि व्यवसाय गर्न ईच्छुक व्यवसायिले स्पष्ट रुपमा आफ्नो व्यवसायीक कार्य योजना पेश गर्नु पर्नेछ, युवा उद्यमिलाई प्राथामिकता दिईनेछ ।

(ग) समूहबाट व्यवसाय सञ्चालन गर्न समूह स्थापना भएको कम्तीमा २ बर्ष भई २ पटक लेखा परिक्षण गरी साधारणसभा भएको र संस्थागत व्यवसायिक कार्ययोजना भएको, समूहको हितकोषमा व्यवसाय सञ्चालन गर्न आवश्यक पुजी भएको, कम्तिमा १५ जना सदश्य भएको समूह हुनु पर्नेछ ।

(घ) व्यवसाय गर्न गाउँपालिका भित्र आवेदन पेश गरी छनौट भए पश्चात सम्बन्धित पक्षले नियम अनुसार व्यवसाय दर्ता साथै ईजाजत लिनुपर्ने व्यवसायीले सम्त्रन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न ईजाजत लिनु पर्नेछ ।

८ <u>व्यवसाय सञ्चालनका लागि निवेदन दिनु पर्नेः</u> (१) केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखाले दफा ६ को उपदफा (३) तथा (४) बमोजिमका व्यवसाय सञ्चालन गर्न ईच्छुक सहकारी/कृषक समूह साथै निजि क्षेत्रका उद्यमी छनौटका लागि १५ दिन म्याद राखी अनुसूची -१ को ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।सूचना प्रकाशन भए पश्चात दफा ७ बमोजिम योग्यता पुगेका ईच्छुक सहकारी/ कृषक समूह साथै निजि उद्यमिले कृषि बजार भित्र तोकिएका सेवा सञ्चालन गर्न चाहेमा सूचनामा उल्लेखित व्यवसाय मध्य एक वा एक भन्दा बढि सेवा सञ्चालन गर्न निवेदन दिन सक्नेछन । यसरी निवेदन दिदा प्राथामिकता तोकी मुख्य र बैकल्पिक व्यवसाय गरी २ वटा

व्यवसायको प्रस्तावना तयारी बनाई केरावारी गाउँपालिका कृषि तथा सहकारी शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२)सहकारी संस्था/समूहको लागि सहकारी संस्थाले देहायका विवरण समेटी प्रस्तावना तयारी गर्नु पर्नेछ ।

(क) संस्थाको नाम र ठेगाना

(ख) सहकारी संस्था भए सञ्चालकहरुको नाम, थर र ठेगाना सहितको विवरण, समूहका हकमा समूहका सदस्यको विवरण

(ग) आफुले गर्ने व्यवसायको विस्तृत विवरण सहितको व्यवसायिक योजना,

(घ) संस्थाको आफ्नो जनशक्ति विवरण,

(ङ) संस्थाले उक्त व्यवसायमा लगानी गर्न सक्ने पूँजीको आधार र विवरण ।

(च) लाभान्वित हुन सक्ने अनुमानित उपभोक्ता संख्या,

(छ) सञ्चालक समितिको निर्णय

निवेदन साथ सहकारी/समूहले देहायका कागजात संलग्न गर्नु पर्नेछ :–

(क) सहकारी संस्था/समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सहकारी संस्थाको विनियम/विधानको प्रतिलिपि,

(ग) व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा साधारणसभा वा

सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि,

(घ) व्यावसायिक कार्य योजना,

(३)निजि व्यवसायीका लागिः निजि व्यवसायीले देहायका विवरण समेटी प्रस्तावना तयारी गर्नु पर्नेछ ।

(क) व्यवसायीको नाम र ठेगाना सहित ३ पुस्ते विवरण

(ख) आफुले गर्ने व्यवसायको विस्तृत विवरण सहितको व्यवसायीक योजना,

(घ) व्यवसाय सम्बन्धी आफ्नो ज्ञान सिप ।

(ङ) उक्त व्यवसायमा लगानी गर्न सक्ने पुँजीको आधार र विवरण ।

(च) लाभान्वित हुन सक्ने अनुमानित उपभोक्ता संख्या,

निवेदन साथ निजी व्यवसायीले देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) नागरिकताको प्रतिलिपि,

(ख) व्यवसाय दर्ता भएको भए सोको प्रतिलिपि,

(ग) व्यवसाय सम्बन्धी अनुभव भए सोको प्रतिलिपी

(घ) व्यवसायिक कार्य योजना,

९ **<u>सहकारी/समूह/ व्यवसायी को छनौट :-</u>** (१)दफा ८ बमोजिम रितपुर्वक निवेदन प्राप्त भएका सहकारी/समूह/व्यवसायी हरुको छनौट केरावारी गाउँपालिकाको कृषि ऐन २०७७ को दफा ५ बमोजिम गठित कृषि समितिले गर्नेछ । छनौटका लागि कृषि समितिले स्थलगत अनुगमन गर्न तथा अन्य निर्णय लिन बिज्ञहरुको साथै अन्य

पदाधिकारीहरुको आमन्त्रण गर्न सक्नेछ । कृषि समितिबाट छनौट भएका संस्था/व्यवसायीहरुको नाम गाउँ कार्यपालिकाको बैठक बाट अनुमोदन गराउनु पर्नेछ ।

(२) कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र मा व्यवसाय सञ्चालन गर्ने सहकारी/ समूह/ निजि व्यवसायीहरु छनौट गर्दा दफा ७ बमोजिमको आवश्यक मापदण्ड पुरा गरेका सहकारी/ निजि व्यवसायी/ समूहलाई मात्र गरी छनौट गर्नु पर्दछ ।

(३) प्रारम्भिक छनौटमा परेका प्रस्तावहरुको ढाँचामा कृषि समितिले आवश्यक ठानेमा सम्बन्धित प्रस्तावकहरुसँग प्रत्यक्ष छलफल तथा थप अन्तर्वार्ता लिन सक्नेछ ।

(४) कुनै एकै क्षेत्रमा दफा ६ बमोजिम छनौटको लागि एकभन्दा बढी सहकारी/समूह/निजि व्यवसायीको निवेदन पर्न आएमा कृषि समितिले देहायको प्राथमिकताको आधारमा सहकारी संस्थाको छनौट गर्नु पर्नेछ

(क) विगतमा प्रस्ताव बमोजिमको काम गरेको अनुभव भएको

(ख) सबैभन्दा राम्रो व्यवसायिक कार्ययोजना भएको,

(ग) सहकारीको हकमा प्रभावक्षेत्र धेरै साथै किसानको संख्या बढी भएको,

(घ) व्यवसाय गर्न लगानी योग्य पूँजी भएको तथा किसानलाई बढी भन्दा बढी सेवा सुविधा प्रदान गर्ने क्षमता भएको ।

(५) सहकारीका हकमा केन्द्रमा व्यवसाय सञ्चालनमा क्रमशः कृषि सहकारी, बहुउद्देश्य सहकारीहरु र बचत तथा ऋण सहकारी लाई

प्राथामिकता दिनुपर्ने छ । यदी सहकारीहरु व्यवसाय गर्न अनिच्छुक भएमा वा तोकिएको मापदण्ड बमोजिम अयोग्य भएमा सहकारीका लागि तोकिएको व्यवसाय निजि क्षेत्र मार्फत सञ्चालन गर्न आवश्यक प्रकृया अगाडी बढाउनु पर्दछ ।

(६) छनौटमा परेका तथा सञ्चालनमा रहेका व्यवसाय कुनै कारणवश बन्द हुन गएमा कार्यालयले कुन व्यवसाय बन्द भएको सो व्यवसाय सञ्चालनका लागि पुनः दफा ८ बमोजिम प्रकृया पुऱ्याई व्यवसायी सञ्चालनमा ल्याउनु पर्नेछ ।

(७) व्यवसाय थपघट सम्बन्धमा दफा १२ बमोजिम गठित बजार सञ्चालक समितिबाट कृषि बजार भित्र गरिने व्यवसायको प्रकृती तल माथि गर्न सक्नेछ ।

## परिच्छेद -३

## कृषि बजार भित्र व्यवसाय स्थापनाका लागि वित्तीय व्यवस्थापन साथै आर्थिक अनुदान

१० **बित्तिय व्यवस्थापनः** (१)यस कार्यविधि बमोजिम कृषि बजार भित्र व्यवसाय गर्न छनौट भएका सहकारी/समूह/नीजि व्यवसायीले व्यवसाय सञ्चालन गर्न आवश्यक पूँजींको व्यवस्थापन स्वयम् व्यवसायीले गर्नुपर्नेछ ।

(२)कृषि बजार भित्र व्यवसाय सञ्चालन गर्न प्रोत्साहन साथै संस्था तथा व्यवसायीको सवलीकरण नहुन्जेल सम्म देहाय बमोजिमका सहयोग गाउँपालिका तथा अन्य विभिन्न संघ संस्थाले गर्न सक्नेछन् ।

(क) निश्चित मापदण्ड बनाई व्यवसाय सञ्चालन गर्न बीउ पूँजी साथै अनुदान ।

(ख) व्यवसाय सञ्चालन गर्न आवश्यक पूँजीमा सहकारी संस्थाबाट लिएको ऋणमा ब्याज अनुदान।

(ग) गाउँपालिकाको स्वामित्वमा रहेको भवनका व्यवसायिक सटरमा तोकिएको भाडामा छुट ।

(घ) कृषकहरुले कृषि बजार मार्फत् बिक्री वितरण गरेको कृषि उपजमा मापदण्ड बनाई उत्पादनमा आधारित अनुदान ।

११ **केन्द्रको भाडा:** केराबारी गाउँपालिकाको स्वामित्वमा रहेको कृषि बजार भवनमा सञ्चालन हुने कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र भित्र गरिने व्यवसायको लागि सटर तथा कोठाको भाडादर अर्को व्यवस्था नहुन्जेलसम्म देहाय बमोजिम निर्धारण गरिएको छ ।

| क.स. | कोठा | भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | भुई तलाको व्यवसायिक सटर भाडा | रु. २५ प्रति स्क्वायर फिट | प्रति सटर, विद्यूत/पानीको थप लाग्नेछ |
| २ | पहिलो तलाको व्यवसायिक सटर भाडा | रु. २० प्रति स्क्वायर फिट | |
| ३ | तालिम हल | रु २५०० | प्रति दिन |

| | | | |
|---|---|---|---|
| ४ | अतिथि गृह सिङ्गल रुम | रु.१००० | प्रति दिन |
| ५ | अतिथि गृह कमन बेड | रु. ३०० | प्रतिदिन/प्रति जना |
| ६ | कमन बेड किसानको लागि | रु.१५० | प्रति दिन/प्रति जना |

(क) व्यवसायिक प्रयोजनका लागि दिईने भाडाको लागि कार्यालय र व्यवसायीसँग आपसी सम्झौता गरिनेछ । व्यवसायी सटरहरुको भाडाका लागि सम्झौता अवधि १० बर्षको हुनेछ । उदेश्य अनुरुप काम नगरेमा वा नियमको परिपालना नभएमा, वा समयमै भाडा नबुझाएमा कार्यालयले जुनसुकै बेला संझौता रद्द गर्ने छ ।

(ख) व्यवसायीक कार्यका लागि तोकिएको भाडा २ बर्ष सम्म ५०%छुट दिईनेछ। भाडाको दर हेरफेर ५ बर्षमा गरिनेछ।

(ग) सटर भाडा प्रत्येक ३ महिनामा बुझाउनु पर्नेछ, यसका अतिरिक्त एकमुष्ठ बार्षिक भाडा उपलब्ध गराएमा उल्लेखित रकममा गाउँ सभाबाट छुट दिन सिकिनेछ ।

## परिच्छेद -४

## बजार सञ्चालन समिति तथा व्यवस्थापन

१२ **बजार सञ्चालन समिति गठन तथा काम कर्तव्य र अधिकारः** (१)कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रलाई व्यवस्थित तथा

निरन्तर सञ्चालनका लागि कृषि बजार सञ्चालन भए पछी कृषि बजार व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने पदाधिकारीमा देहाय बमोजिम हुनेछन ।

(क) गाउँपालिकाकाको कार्यपालिका सदस्य –संयोजक

(ख) केन्द्रमा व्यवसाय गर्ने सहकारीहरु मध्ये बाट प्रतिनिधि - सदस्य

(ग) केन्द्रमा व्यवसाय गर्ने निजी क्षेत्रको व्यवसायी बाट प्रतिनिधि – सदस्य

(घ) केन्द्रमा व्यवसाय गर्ने वा उत्पादनमा संलग्न कृषक समूह प्रतिनिधि – सदस्य

(ङ) केन्द्र बाट सेवा उपभोग गरिरहेका गाउँपालिका भित्रका अगुवा /व्यवसायीक कृषक - २ जना सदस्य

(च) कृषि शाखाको प्रमुख वा बजार हेर्ने गरी जिम्मेवारी प्राप्त कृषि शाखाको कर्मचारी –सदस्य सचिव

(३) समितिको गठन तथा पुनरगठन गाउँ कार्यपालिकाले गर्नेछ ।

(४) समितिको बैठक कम्तिमा ४५ दिनमा १ पटक अनिवार्यरुपमा बस्नुपर्नेछ ।

(५) समितिको कार्यकाल पहिलो पटक स्थानीय तहको निर्वाचन हुनजेल र स्थानीय तहको निर्वाचन भए पश्चात पुनः समिति पुनर्गठन हुनेछ । समितिको कार्यकाल ५ बर्ष अवधिको हुनेछ ।

(६) समितिको सेवा सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(७) समितिको काम, कर्तव्य र अधिकारः

क) केन्द्रको व्यवसायीक योजना बनाउने ।

ख) बजार विकास सम्बन्धी सुझाव गाउँपालिकालाई दिने ।

ग) बजारको नियमन, अनुगमन गर्ने र सेवामा गुणस्तर कायम राख्न सहजिकरण गर्ने ।

घ) कृषक, ब्यवसायी तथा गाउँपालिका बिच समन्वय गर्ने ।

ङ) केन्द्र भित्र व्यवसाय गर्ने व्यवसायीको क्षमता अभिबृद्धि, व्यवसायीक बृद्धि, बस्तुको बजारीकरणको लागि आवश्यक पहल तथा समन्वय गर्ने ।

## परिच्छेद -५

## कर्मचारी संरचना तथा मानव संशाधन व्यवस्थापन

१३ **कर्मचारी संरचनाः** केन्द्रको दैनिक सञ्चालनका लागि देहाय बमोजिम कर्मचारी व्यवस्था गरिनेछः

(क) प्राविधिक सहायक/ना.प्रा.स (कृषि , एग्रीको एण्ड मार्केटिङ) – १ जना

(ख) सुरक्षा गार्ड -२ जना

(ग) सरसफाइ कर्मचारी – १ जना

१४ **नियुक्ति र सेवा सर्तः** केन्द्रको दैनिक सञ्चालनका लागि दफा १३ बमोजिम कर्मचारी व्यवस्था गर्दा देहाय बमोजिम गरिनेछः

(क) कर्मचारी करार सेवामा नियुक्त गरिनेछ।

(ख) नियुक्ति अवधि, पारिश्रमिक तथा सेवा सर्त सम्झौतामा उल्लेख गरिनेछ।

(ग) कर्मचारीले, गाउँपालिका तथा केन्द्र सञ्चालन समिति प्रति उत्तरदायी हुनेछ ।

## परिच्छेद -६

## उत्पादनमा आधारित अनुदानसम्बन्धी व्यवस्था

१५ **उत्पादनमा अनुदानः** (१) यस कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपज बिक्री वितरण गर्ने केराबारी गाउँपालिका, मोरङ भित्र कृषि पेशामा संलग्न कृषक, कृषक समूह, सहकारी वा कृषि फर्मले तोकिएको मापदण्डअनुसार वास्तविक रूपमा उत्पादन गरेको तोकिएको बाली, तरकारी, फलफूल, पशुपन्छीजन्य वस्तु तथा बीउ–नर्सरी उत्पादनको परिमाण र

गुणस्तरका आधारमा बार्षिक कार्यक्रममा उल्लेख गरी उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ ।

(२)उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउन कृषकको देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछ ।

(क) कृषक साथै कृषि उत्पादन केराबारी गाउँपालिका भित्रको हुनुपर्नेछ ।

(ख) पालिका तथा कृषि उपज संकलन केन्द्र व्यवस्थापन समितिले तोकिदिएको बाली लगाएको हुनुपर्नेछ ।

(ग) गाउँपालिकाले जारी गरेको कृषक परिचय-पत्र लिएको हुनुपर्नेछ ।

(घ) कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र भित्र सञ्चालित व्यवसायीसँग कारोबार गरेको ।

(ङ) कृषि शाखाबाट खटिएको कृषि प्राविधिकद्वारा स्थलगत अनुगमन तथा उत्पादन स्थल प्रमाणीकरण भएको ।

(३) उत्पादनमा आधारित अनुदानको दर, न्यूनतम उत्पादन सीमा, योग्य लाभग्राहीको संख्या तथा भुक्तानी प्रक्रिया केराबारी गाउँपालिकाको गाउँ कार्यपालिकाले वार्षिक रूपमा स्वीकृत मापदण्ड अनुसार निर्धारण गर्नेछ ।

(४) उत्पादन प्रमाणीकरणका लागि कृषकले उत्पादन अभिलेख, फोटो, कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रमा बिक्री गरेको रसिद, कृषक परिचय-पत्र लगायत आवश्यक कागजात पेश गर्नुपर्नेछ।

(५) स्वीकृत लाभग्राही कृषकलाई अनुदान रकम केराबारी गाउँपालिका मार्फत सिधै निजको बैंक खातामा भुक्तानी गरिनेछ र नगद भुक्तानी गर्न पाइने छैन ।

(६) झुटा विवरण पेश गरी अनुदान प्राप्त गरेको पाइएमा त्यस्तो अनुदान रद्द गरिनेछ र प्रचलित कानून बमोजिम कारबाही गरिनेछ साथै भविष्यमा केराबारी गाउँपालिकाबाट सञ्चालन हुने अनुदान कार्यक्रमबाट वञ्चित गर्न सकिनेछ ।

## परिच्छेद -७

## बजार सञ्चालन समिति कोष

१६ **कोष स्थापनाः** कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार तथा सेवा विस्तारका लागि “कृषि बजार सञ्चालन समिति कोष” नामक छुट्टै कोष स्थापना गरिनेछ ।

१७ **कोषमा जम्मा हुने रकमः** कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछन्—

(क) गाउँपालिकाबाट प्राप्त अनुदान वा बजेट रकम

(ख) संघ, प्रदेश सरकार वा अन्य निकायबाट प्राप्त सहयोग रकम

(ग) सेवा शुल्क, प्रवेश शुल्क तथा अन्य आय

(घ) दान, सहयोग तथा आर्थिक सहायता

(ङ) बैंक ब्याजबाट प्राप्त रकम

(च) अन्य कानून बमोजिम प्राप्त रकम

१८ **कोष सञ्चालनः** कोषको सञ्चालन देहाय बमोजिम हुनेछ—

(क) कोषको रकम नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा "कृषि बजार सञ्चालन समिति" को नाममा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) बैंक खाता सञ्चालन समिति संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(ग) आवश्यकतानुसार एक जना सदस्यलाई दोस्रो हस्ताक्षरकर्ता तोक्न सकिनेछ ।

१९ **कोषको रकम खर्च गर्न सकिने क्षेत्रः** कोषको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछ—

(क) बजारको मर्मत सम्भार

(ख) सरसफाइ तथा सुरक्षा व्यवस्थापन

(ग) विद्युत, पानी, इन्टरनेट तथा प्रशासनिक खर्च

(घ) कर्मचारी पारिश्रमिक

(ङ) कृषक हितका कार्यक्रम

(च) तालिम, गोष्ठी तथा प्रचारप्रसार

(छ) बजार व्यवस्थापन तथा पूर्वाधार सुधार

२० **लेखा तथा लेखापरीक्षणः**

(क) कोषको आयव्यय प्रचलित कानून बमोजिम दोहोरो लेखा प्रणालीमा राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम गरिनेछ ।

(ग) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र आय-व्यय विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

२१ **कोषको पारदर्शिताः** समितिले कोषको आय-व्यय विवरण प्रत्येक बर्ष सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद —८

## विविध

२२ **कारोवारको अभिलेख राख्नुपर्ने साथै मुल्य निर्धारणः** (१)कारोवारको अभिलेखः कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रबाट हुने सञ्चालन हुने गाउँपालिकाले तोकेको व्यवसायको सम्बन्धित व्यवसायीले कारोवारको छुट्टै अभिलेख राख्नुपर्ने छ । यस्तो कारोवार दोहोरो लेखा प्रणालीमा राख्नु पर्नेछ । कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा केन्द्रसंग बिक्री गरेको

आधारलाई मुख्य आधार मानिने भएकाले कारोवार किसानहरुको छुट्टै खाता बनाई डिजिटल माध्यमबाट राख्नु पर्नेछ ।

(२)मुल्य निर्धारण - व्यवसायीले बिक्री वितरण गर्ने बस्तु तथा सेवाको मुल्य निर्धाण गरी मुल्य सूची सार्वजनिक गर्नु पर्नेछ साथै यसरी मुल्य निर्धारण गर्दा खरिद मुल्य, प्रतिस्पर्धी पसल ईत्यादिलाई ध्यान दिनुपर्नेछ ।

(३)बिल नदिई सामाग्रीहरुको बिक्री गर्न पाईने छैन ।कारोवारको अभिलेख गाउँपालिकाले हेर्न चाहेको खण्डमा देखाउनु पर्ने छ ।

२३ **मुनाफाः** कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र मा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले गर्ने कारोवारबाट हुने मुनाफा सम्बन्धित व्यवसायीकै हुनेछ ।

२४ **कारोवार पेश गर्नुपर्नेः** व्यवसायीले बजार व्यवस्थापन समिति मार्फत कृषि बजार भित्र भए गरेको कारोवारको बार्षिक रुपमा भए गरेको कार्यक्रम तथा कारोवारको विवरण खुलाई कृषि तथा सहकारी शाखामा पेश गर्नु पर्नेछ ।

२५**डिलरशिप हस्तान्तरण गर्नुपर्नेः** नेपाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुले उत्पादन वा बिक्री - वितरण गर्ने वस्तुको डिलरशिप वा गाउँपालिका साथै सम्बन्धित वडाको क्षेत्र भित्र वितरणको एकाधिकार सो गाउँपालिकाका विभिन्न वडाहरुमा

सञ्चालन भएका कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रलाई दिनु पर्नेछ वा हस्तान्तरण गर्नु पर्नेछ ।

२६ **आर्थिक अनुशासनः** (१) आर्थिक अपचलन :- केन्द्र भित्र कारोवार सञ्चालन गर्दा वा कारोवार गर्दा संलग्न पदाधिकारीले आर्थिक हिनामिना, अपचलन, साथै केन्द्रको उद्देश्य बमोजिम काम नगरेको पाईएमा वा ठहरिन गएमा संलग्न व्यक्तिहरु तथा व्यवसायीबाट दामासाही असुल उपर गरी थप प्रचलित कानून बमोजिम केरावारी गाउँपालिकाले कारवाही गर्नेछ वा सम्बन्धित निकायलाई कारवाहीको लागि सिफारिस गरिनेछ ।

(२) संस्था कालो सूचीमा राखिने :- कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यवसाय सञ्चालनका लागि आवेदन दिई गाउँपालिका बाट छनौट भएका सहकारी संस्था/ समूह/ निजि व्यवसायीले उक्त केन्द्र भित्र व्यवसाय सञ्चालन गर्न ढिलासुस्ती गरेमा वा उद्देश्य अनुरुप काम नगरेमा वा आर्थिक अपचलन तथा हिनामिना गरेमा त्यस्ता सहकारी संस्था/व्यक्तिलाई कालो सूचीमा राखी सम्पुर्ण सहयोग रोक्का गरिने छ साथै बैङ्क खाता रोक्का राख्न सिफारिस गरी प्रचलित कानून बमोजिम कारवाही प्रकृया अगाडी बढाईने छ ।

(३)उपदफा (१) र (२) बमोजिम कारवाही गर्नु अगाडी गाउँपालिकाले सम्बन्धीत सहकारी संस्था वा पदाधिकारीहरु लाई सफाई पेश गर्ने मनाशिव मौका प्रदान गर्नु पर्नेछ ।

२७ **पायक पर्ने स्थानमा थप शाखा खोल्न सकिने :** (१) केराबारी गाउँपालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राख्दै आवश्यकता तथा औचित्यताका आधारमा थप शाखा खोल्न सकिनेछ ।

(२)यस अगाडी कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन कार्यविधि २०७७ बमोजिम स्थापना भएका तर सञ्चालनमा नरहेका तथा आम्सिक रुपमा सञ्चालनमा रहेका कृषि सामग्री तथा आपूर्ती केन्द्र यसै कार्यविधि बमोजिम तत तत सहकारीले सञ्चालन गर्नुपर्नेछ । त्यस्ता केन्द्रहरुको व्यवस्थापन तत तत सहकारीले गरे तापनि यसै कार्यविधि बमोजिम गठन हुने व्यवस्थापन समिति मातहत ग्रामिण संकलन केन्द्रको रुपमा शाखाको रुपमा उक्त केन्द्र रहनेछन् ।

२८ **बाधा अड्चन फुकाउने:** यस कार्यविधि कार्यन्वयन मा कुनै बाधा अड्चन उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा गाउँ कार्यपालिकाले निर्णय गरी सो बाधा अड्चन फुकाउन सक्नेछ ।

२९ **खारेजी र संशोधन:** केराबारी गाउँपालिकाद्वारा जारी कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र निर्देशिका- २०७७ लाई खारेज गरिएको छ । कार्यपालिकाले आवश्यकता ठानेमा यो कार्यविधि संशोधन वा खारेज गर्न सक्ने छ ।

अनुसूची—१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

सूचना प्रकाशनको नमुना

केराबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि तथा सहकारी शाखा

केराबारी, मोरङ

**सूचना ! सूचना !! सूचना !!**

प्रथम पटक प्रकाशित मिति : २०८३/../..

कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र (कृषि बजार) सञ्चालन कार्यविधि—२०८३ बमोजिम कृषि बजारभित्र सञ्चालन हुने देहायका व्यवसाय सञ्चालन गर्न इच्छुक सहकारी संस्था, कृषक समूह तथा निजी उद्यमीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रस्तावसहित आवेदन पेश गर्न आह्वान गरिन्छ।

सञ्चालन गर्नुपर्ने व्यवसायहरू

१. कृषि सामग्री आपूर्ती व्यवसाय –बिउ, मल, किटनाशक बिषादी, औजार
२. थोक कृषि उपज सङ्कलन तथा बिक्री

३. खुद्रा कृषि उपज बिक्री
४. कृषि उपज प्रशोधन तथा प्याकेजिङ व्यवसाय
५. दुग्ध उत्पादन बिक्री व्यवसाय
६. कोशेली घर सञ्चालन
७. फार्म टु टेवल क्याफे सञ्चालन
८. कृषि औजार मर्मत केन्द्र
९. बजार ढुवानी सेवा
१०. कृषि बित्त तथा विमा सेवा
११. स्थानीय पेय पदार्थहरु को बिक्री वितरण
१२. अन्य कृषि आधारित नव प्रवर्द्धन व्यवसाय

आवश्यक कागजातहरु

१. कार्यबिधिको दफा ६ ले तोके बमोजिम

आवेदन फाराम तथा विस्तृत जानकारी कृषि तथा सहकारी शाखाबाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची—२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### व्यवसाय सञ्चालनका लागि आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
केराबारी गाउँपालिका, मोरङ

विषयः कृषि बजारमा व्यवसाय सञ्चालन गर्न आवेदन।

म/हामी देहाय बमोजिमको व्यवसाय सञ्चालन गर्न इच्छुक भएकाले आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु/गर्दछौं।

१. संस्था/व्यवसायीको नाम : .................

२. ठेगाना : .........................

३. सम्पर्क नं. : ....................

४. प्रस्तावित व्यवसाय : ..................

५. प्राथमिकता क्रम :

मुख्य व्यवसाय : ...............

वैकल्पिक व्यवसाय : ...............

६. लगानी रकम : रु. ................

७. संलग्न कागजातहरू :

दर्ता प्रमाणपत्र

नागरिकता प्रतिलिपि

व्यावसायिक कार्ययोजना

निर्णय प्रतिलिपि

अन्य

निवेदकको

नाम : ............

हस्ताक्षर :

.................

मिति :

....................

## अनुसूची—३

(दफा ८ को (२) र (३) सँग सम्बन्धित)

### व्यावसायिक कार्ययोजना (Business Plan) ढाँचा

१. प्रस्तावकको परिचय

२. व्यवसायको उद्देश्य

३. सञ्चालन गरिने सेवा/व्यवसायको विवरण

४. लक्षित ग्राहक तथा बजार विश्लेषण

५. आवश्यक पूर्वाधार तथा उपकरण

६. मानव संसाधन योजना

७. अनुमानित लागत विवरण

| विवरण | रकम |
|---|---|
| स्थिर पूँजी | |
| सञ्चालन पूँजी | |
| अन्य | |
| जम्मा | |

८. अनुमानित आम्दानी तथा खर्च

९. जोखिम तथा न्यूनीकरण योजना

१०. अपेक्षित उपलब्धि

# अनुसूची—४

(दफा ९ सँग सम्बन्धित)

## मूल्याङ्कन मापदण्ड

| क्र.सं. | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | व्यवसायिक कार्ययोजना | ३० |
| २ | अनुभव | २० |
| ३ | वित्तीय क्षमता | २० |
| ४ | कृषक लाभ तथा सेवा प्रभाव | १५ |
| ५ | रोजगारी सिर्जना | १० |
| ६ | प्रस्तुतीकरण/अन्तर्वार्ता | ५ |
| जम्मा | | १०० |

न्यूनतम ६० अंक प्राप्त गर्ने प्रस्ताव मात्र छनौट योग्य हुने।

# अनुसूची—५

(दफा ९ सँग सम्बन्धित)

## छनौट सिफारिस पत्र

श्री गाउँ कार्यपालिका,
केराबारी गाउँपालिका

विषयः व्यवसाय सञ्चालनका लागि छनौट सिफारिस सम्बन्धमा।

कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्रमा व्यवसाय सञ्चालन गर्न प्राप्त प्रस्तावहरूको मूल्याङ्कन पश्चात् देहायका संस्था/व्यवसायीहरू छनौटका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क.सं. | संस्था/व्यवसायी | व्यवसाय |
|---|---|---|
| १ | | |
| २ | | |

मूल्याङ्कन समितिको निर्णय मिति : ........

संयोजक : .................

## अनुसूची—६

(दफा ११ तथा १४ सँग सम्बन्धित)

## कृषि बजारभित्र व्यवसाय सञ्चालन सम्बन्धी सम्झौता पत्र

आज मिति ................ मा केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरङ (यसपछि "पहिलो पक्ष" भनिने) र ................................................... (यसपछि "दोस्रो पक्ष" भनिने) बीच कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र (कृषि बजार) सञ्चालन कार्यविधि—२०८३ बमोजिम कृषि बजार परिसरभित्र व्यवसाय सञ्चालन गर्न देहायका शर्त तथा बन्देजहरूको अधीनमा रही यो सम्झौता सम्पन्न गरिएको छ।

१. पक्षहरूको विवरण

पहिलो पक्ष

- नाम : केराबारी गाउँपालिका
- ठेगाना : केराबारी—..., मोरङ
- प्रतिनिधि : प्रमुख प्रशासकीय अधिकृत
- सम्पर्क नं. : ..........................

दोस्रो पक्ष

- संस्था/व्यवसायीको नाम : ..................................
- ठेगाना : ...................................................
- दर्ता नं. : ...............................................
- प्रतिनिधिको नाम : ......................................
- नागरिकता/संस्था दर्ता नं. : ......................
- सम्पर्क नं. : ...........................................

२. सम्झौताको उद्देश्य

कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र (कृषि बजार) परिसरभित्र ................................ व्यवसाय सञ्चालन गरी कृषक तथा उपभोक्तालाई गुणस्तरीय सेवा उपलब्ध गराउने।

३. व्यवसाय सञ्चालन स्थान

- भवन/सटर नं. : .....................
- तला : ..............................
- क्षेत्रफल : .................. वर्गफुट
- व्यवसायको प्रकृति : .........................................

४. सम्झौता अवधि

(क) यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

(ख) सम्झौताको अवधि १० (दश) वर्षको हुनेछ।

(ग) कार्यसम्पादन सन्तोषजनक भएमा प्रचलित कानून तथा गाउँपालिकाको निर्णय बमोजिम सम्झौता नवीकरण गर्न सकिनेछ।

५. भाडा तथा भुक्तानी व्यवस्था

(क) मासिक भाडा रु. ................. (अक्षरेपी ..........................................................) हुनेछ।

(ख) भाडा प्रत्येक तीन महिनामा अग्रिम रूपमा बुझाउनुपर्नेछ।

(ग) वार्षिक रूपमा एकमुष्ट भाडा बुझाएमा कार्यविधिमा व्यवस्था भए बमोजिम छुट प्रदान गरिनेछ।

(घ) विद्युत, खानेपानी, इन्टरनेट तथा अन्य सेवा शुल्क सम्बन्धित व्यवसायी स्वयंले व्यहोर्नुपर्नेछ।

६. पहिलो पक्ष (गाउँपालिका) का दायित्व

(क) सम्झौता बमोजिमको सटर/कोठा उपलब्ध गराउने।

(ख) आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(ग) बजार व्यवस्थापन तथा सुरक्षाको समग्र व्यवस्था मिलाउने।

(घ) बजार प्रवर्द्धन तथा विकासका लागि आवश्यक पहल गर्ने।

(ङ) व्यवसाय सञ्चालनमा आवश्यक कानूनी तथा प्रशासनिक सहजीकरण गर्ने।

७. दोस्रो पक्ष (व्यवसायी) का दायित्व

(क) स्वीकृत व्यवसाय मात्र सञ्चालन गर्ने।

(ख) प्रचलित कानून तथा कार्यविधिको पूर्ण पालना गर्ने।

(क) समयमै भाडा तथा अन्य शुल्क बुझाउने।

(ख) सटर, भवन तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने।

(ग) व्यवसायस्थल सफा, व्यवस्थित तथा सुरक्षित राख्ने।

(घ) मूल्यसूची अनिवार्य रूपमा सार्वजनिक गर्ने।

(ङ) बिक्री गरिएको प्रत्येक वस्तु तथा सेवाको बिल जारी गर्ने।

(च) कारोबारको अभिलेख दोहोरो लेखा प्रणालीमा राख्ने।

(छ) गाउँपालिका वा व्यवस्थापन समितिले मागेमा आवश्यक विवरण उपलब्ध गराउने।

(ज) कृषक तथा उपभोक्तामैत्री व्यवहार कायम गर्ने।

(झ) गाउँपालिकाको पूर्वस्वीकृति बिना व्यवसाय हस्तान्तरण, भाडामा दिन वा साझेदारी गर्न नपाउने।

८. निषेधित कार्यहरू

दोस्रो पक्षले देहायका कार्य गर्न पाउने छैनः

(क) स्वीकृत उद्देश्यभन्दा फरक व्यवसाय सञ्चालन गर्न।

(ख) भवन वा संरचनामा अनधिकृत परिवर्तन गर्न।

(ग) अवैध वस्तु वा सेवा कारोबार गर्न।

(घ) सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउन।

(ङ) वातावरण तथा सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पर्ने कार्य गर्न।

९. अनुगमन तथा मूल्याङ्कन

(क) गाउँपालिका तथा बजार सञ्चालन समितिले जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ।

(ख) अनुगमनका क्रममा दिइएका सुझाव तथा निर्देशन पालना गर्नु व्यवसायीको दायित्व हुनेछ।

१०. सम्झौता रद्द हुने अवस्था

देहायका अवस्थामा गाउँपालिकाले यो सम्झौता एकतर्फी रूपमा रद्द गर्न सक्नेछः

(क) लगातार दुई किस्ता वा छ महिनासम्म भाडा नबुझाएमा।

(ख) सम्झौता विपरीत कार्य गरेमा।

(ग) आर्थिक हिनामिना वा अनियमितता गरेको प्रमाणित भएमा।

(घ) झुटा विवरण पेश गरी सम्झौता प्राप्त गरेको पाइएमा।

(ङ)सार्वजनिक सम्पत्तिमा क्षति पुर्याएमा।

(च) लिखित चेतावनीपछि पनि सुधार नगरेमा।

११. क्षतिपूर्ति

दोस्रो पक्षको लापरबाही वा बदनियतका कारण गाउँपालिकालाई क्षति पुगेमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति असुल गरिनेछ।

१२. विवाद समाधान

यस सम्झौतासम्बन्धी कुनै विवाद उत्पन्न भएमा पहिलो चरणमा आपसी छलफलद्वारा समाधान गरिनेछ। आपसी सहमतिबाट समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा समाधानका लागि पठाइनेछ।

१३. अन्य व्यवस्था

यस सम्झौतामा उल्लेख नभएका विषयहरू कृषि सामग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन कार्यविधि—२०८३, तथा प्रचलित कानून बमोजिम हुनेछन्।

हस्ताक्षर

पहिलो पक्ष

केराबारी गाउँपालिका

नाम : ..........................................

पद : प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षर : ....................................

मिति : .........................................

कार्यालयको छाप

दोस्रो पक्ष

संस्था/व्यवसायीको नाम : ..................................

प्रतिनिधिको नाम : .........................................

हस्ताक्षर : ...............................................

मिति : ....................................................

छाप : .....................................................

रोहबर

रोहबर १

नाम : .....................................

पद : .......................................

हस्ताक्षर : ................................

रोहबर २

नाम : .....................................

पद : .......................................

हस्ताक्षर : ................................

## अनुसूची—७

(दफा १८ सँग सम्बन्धित)

## वार्षिक कारोबार प्रतिवेदन ढाँचा

१. व्यवसायको नाम : ..............

२. आर्थिक वर्ष : ..............

विवरण परिमाण रकम

खरिद

बिक्री

मुनाफा

३. सेवा लिएका कृषक संख्या : .......

४. रोजगारी सिर्जना : .......

५. समस्या तथा सुझाव : ....................................

# अनुसूची–८

## कृषि बजार व्यवसाय दर्ता अभिलेख

| क्र.सं. | व्यवसायी | व्यवसाय | सटर नं. | सम्झौता मिति | भाडा |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची—९

(दफा १२ सँग सम्बन्धित)

बजार सञ्चालन समिति सदस्यको सपथ पत्र

म ................................ कृषि बजार सञ्चालन समितिको सदस्यको रूपमा इमान्दारीपूर्वक कार्य गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा प्रचलित कानूनको पालना गर्ने प्रतिज्ञा गर्दछु।

नाम : ................

पद : .................

हस्ताक्षर : ...........

मिति : ................

## अनुसूची—१०

## अनुगमन प्रतिवेदन ढाँचा

अनुगमन मिति : .............

व्यवसायको नाम : ............

मूल्याङ्कन विषय अवस्था

सरसफाइ

अभिलेख व्यवस्थापन

मूल्यसूची प्रदर्शन

बिल प्रयोग

सेवा गुणस्तर

कैफियत :

....................................

अनुगमन टोली

१. ............

२. ............

३. ............

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत